नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३२ | अंक २० | २०७९ साल साउन २४ गते मंगलबार (9 Aug 2022 Tuesday) | मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : चितवनमा दुई अर्ब लगानीमा... ३ पृष्ठमा : पेट्रोलियम पदार्थको मूल्य ... ३ पृष्ठमाइजरायल र विद्रोही लडाकू...

# रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण प्रक्रिया सुरु



**दैनिक समाचारदाता**
**राजविराज, २३ साउन ।**

सप्तरीवासीका लागि बहुचर्चित एवं प्रतिक्षित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको निर्माण कार्यको प्रारम्भिक प्रक्रिया शूरु भएको छ ।

तीन दिन अघि मात्र डीपीआरका लागी डिजीकोन कन्सलटेन्सी कम्पनी र रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्वाधार तयारी विकास समितीबीच सम्झौता सम्पन्न भएपछि सोमवार समितीले पत्रकार सम्मलेनमार्फत सो कुराको जानकारी दिएको हो ।

सम्झौता अनुसार ७ करोडमा नक्शा र भवन निर्माण सम्मको मोनिटरिङ्ग गर्ने जिम्मा उक्त कम्पनीले नै पाएको पत्रकार सम्मेलनमा प्रतिष्ठान पुर्वाधार तयारी विकास समितीका कार्यकारी अध्यक्ष डा पोखरेलले जानकारी दिदै सम्झौता अनुसार कन्सलटेन्सीका प्राविधीहरुको टोली सोमवारदेखी नै निर्माण स्थलमा पुगी डीपीआर लगायतको काम शूरु गरेका जनाइएको छ ।

यद्दपी प्रतिष्ठानको ऐन निर्माणमा ढिलाई हुँदा निर्माण कार्य केही सुस्त देखिए पनि सम्झौता सम्पन्न भएपछि अब निर्माण कार्यले गती लिने उनको भनाई छ ।

प्रतिष्ठान भवनको विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) का लागी सम्झौता भएसँगै राजविराज नगरपालिका वडा नं. १० स्थित हुलाकी राजमार्गको छेउमा नरपालिकाले उपलब्ध गराएको ६२ विघा जग्गामा निर्माण कार्य सुरु हुने भएको छ ।

प्रस्तावित जग्गाको घेरवार, वातावरणीय प्रभाव मुल्याँकन, भुमिको अवस्था, माटोको परिक्षण लगायतको काम यस अघि नै सकाएको प्रतिष्ठान पुर्वाधार तयारी विकास समितीले डीपीआरको काम समेत अघि बढाएको छ ।

यसबारे आईतवार समितीले राजनीतिक दल, प्रतिष्ठान निर्माण स्थल आसपासका वासिन्दा, सुरक्षा निकायका प्रमुख लगायत सरोकारवालाहरुको बैठक गरी डीपीआर सम्झौता र प्रतिष्ठान भवन निर्माणका बारेमा आवश्यक छलफल समेत गरेको थियो ।

उक्त बैठकमा प्रतिष्ठान संचालन गर्न प्राविधीक पक्ष र आर्थिक पक्ष लगायतका विभिन्न विषयमा छलफल भएको

***बाँकी दुई पृष्ठमा***

## सूचना । सूचना ॥ सूचना ॥।

### कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौ १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी




## भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**P-JTA बाली विज्ञान १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

**फारम बितरण मिति : २०७९/४/१२ गतेदेखी**
**फारम बुझाउने अन्तिम मिति : २०७९/४/२६**
**प्रवेश परिक्षा मिति : २०७९/५/६ गते बिहान ८ बजे**

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो ! भर्ना खुल्यो ॥

**बिगत १४ वर्ष देखी संचालन हुदै आएको**

## ओभरसियरी क्याम्पस

**( CTEVT बाट मान्यता प्राप्त )**

## डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग

**( ३ बर्षे )**

**न्यूनतम योग्यता** : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य–गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

**फारम भर्ने अन्तिम मिति** : २०७९ श्रावण २६ गते सम्म ।

**सम्पर्क :**

**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजबिराज–८ (सप्तरी)
फोन नं.–०३१–५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय ....

# महामारीप्रति गम्भिर बनौं, स्वास्थ्य मापदण्डको पालना गरौं

विगत तीन वर्षदेखी विश्वभर फैलिएको कोरोना भाइरसको त्रास अझैं रोकिएको छैन् । केही महिनाअघि केही त्रास कम रहेको यस महामारीले पुनः नयाँ रुपका साथ तिब्र बन्दै गएको छ। सन् २०१९ को अन्तिम महिनामा विश्वव्यापी रुपमा देखापरेको कोरोना भाइरसको संक्रमण अहिले पुनः नेपालमा फैलिन थालेको छ। विगतका वर्षहरुमा महामारी नियन्त्रण तथा रोकथाम गर्ने उद्देश्यले लकडाउनका साथै बिस्तारै रोगबिरुद्ध खोप दिन थालिएको थियो। नेपालमा पनि कोरोना बिरुद्धको खोप दिन थालिएपछि रोगसँग लड्ने क्षमतामा बृद्धि भएको छ।

सन् २०२० मा समेत पुनः कोरोना महामारीको नयाँ प्रजातीको लक्षण देखापर्न थालेपछि विश्व पुनः त्रसित हुन पुगेको थियो। त्यसपछि सन् २०२१ को अन्ततिर ओमिक्रोन देखापरेपछि सन् २०२२ को पहिलो महिना जनवरीमा यो महामारी तिब्र रुप लिएको थियो । नेपालमा पनि कोरोनाको नयाँ प्रजातीका लक्षणका साथ बिरामी फेला पर्न थालिएको थियो । अहिले नेपालमा पुनः यो रोगबाट संक्रमितहरु बढ्न थालेको छ। हाल नेपालमा झण्डै एक हजारको हाराहारीमा संक्रमित रहेका छन् ।

यस्तो अवस्थामा पुनः स्वास्थ्य मापदण्डसहित सर्तकताका अपनाउनु आवश्यक भएको छ। स्वास्थ्यसँग हेलचक्राई नगरि सरकारबाट जारि स्वास्थ्य मापदण्डका सुझावलाई पालना गर्न अत्यन्त आवश्यक भएको छ । हाल खोप लगाइसकेका व्यक्तिले पनि महामारीलाई हलुका रुपमा नलिई सतर्कता अपनाउनु अतिआवश्यक रहेको छ। तसर्थ जटिल परिस्थिति आउनबाट जोगिन जनता आफै सर्तक भई पूर्ण रुपमा स्वास्थ्य मापदण्डको पालना गर्नु पर्ने अहिलेको आवश्यकता हो ।

# चितवनमा दुई अर्ब लगानीमा क्यान्सर अस्पताल

चितवन, २३ साउन (रासस)।

चितवन मेडिकल कलेजले रु दुई अर्ब लगानीमा क्यान्सर अस्पताल निर्माण गरेको छ। आगामी दसैँअघि नै सञ्चालनमा ल्याउने गरी सिएमसी क्यान्सर इन्स्टिच्युट तयार गरिइएको हो।

अग्रणी सो मेडिकल कलेजले आफ्नो भगिनी संस्थाको रुपमा क्यान्सर अस्पताल सुरु गर्न लागेको हो। दसैं अघि नै रेडिएसनको सेवा दिने गरी तीव्ररुपमा काम भइरहेको छ। अस्पतालका निर्देशक डा दयाराम लम्सालले इन्स्टिच्युटमा अत्याधुनिक प्रविधिका उपकरण जडान गरिएको जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो, “नेपालका क्यान्सरका बिरामी अब विदेश जानु पर्दैन ।” भारतको दिल्लीका ठूला अस्पतालमा जडान गरिएकाभन्दा आधुनिक उपकरण यहाँ जडान भएको उहाँको भनाई छ। अस्पतालले अत्याधुनिक उपकरण खरिदमा मात्रै रु एक अर्ब २७ करोड खर्च गरेको उहाँले दाबी गर्नुभयो। अन्य उपकरण र भौतिक पूर्वाधारमा गरी रु दुई अर्बभन्दा बढी खर्च लाग्ने उहाँको भनाइ छ।

क्यान्सर सँगसँगै अन्य उपचारका लागि सँगै मेडिकल कलेज भएकाले केही खर्च कटौती भएको जनाइएको छ। यस इन्स्टिच्युटमा रेडिएसनसँगै ब्राकी थेरापी, स्पेक्ट सिटी स्क्यान, बोनम्यारो प्रत्यारोपण, रक्त क्यान्सरको उपचार, बाल क्यान्सरको उपचारसहित सबै खालका क्यान्सरको उपचार र प्रत्यारोपण हुने निर्देशक डा लम्सालको भनाइ छ।

भारत, अमेरिकाजस्ता देशमा अध्ययन गरेर ठूला अस्पतालमा काम गरिरहेका मेडिकल अङ्कोलोजी, रक्त क्यान्सर, सर्जरीलगायतका समूह यहाँ ल्याईदै छ। उहाँले भन्नुभयो, “हामीले विश्वका ठूला अस्पतालमा कामको अनुभव लिएका चिकित्सकसँग सम्झौता गरिरहेका छौँ ।” गुणस्तरमा कमी हुन नदिने गरी एक सय शय्याको आधुनिक अस्पताल निर्माण गरिएको हो।

निर्देशक डा लम्सालले थप्नुभयो, “क्यान्सरका बिरामीलाई लामो समय पालो कुर्नु पर्ने र विदेश जानुपर्ने बाध्यता अन्त्य होस् भनेर अस्पताल सुरु गरेका हौँ ।” उहाँले अगाडि थप्नुभयो, “धेरै बिरामी भारतको दिल्ली जान्छन्, त्यहाँको ठूलो अस्पताल राजीवगान्धीको भन्दा एक स्तर उच्च उपकरण हामीले यही ल्याएका छौँ ।”

क्यान्सरका बिरामी उपचारका लागि भारतलगायतका अन्य देश जाने गर्दछन् । अत्याधुनिक उपकरण रेडिएसनका लागि जडान गरिएको छ। उहाँको भनाइमा यो उपकरणले दैनिक एक सय जनासम्मलाई रेडिएसन गर्न सक्दछ। रेडिएसन लिन्याक एक्सिलेरेटर जडान गरिएको छ। टि्युबिममाडलको भेरिएन कम्पनीको लिन्याक उपकरण आधुनिक प्रविधिको हो।

चितवन मेडिकल कलेजसँगै छ तले ४८ हजार स्क्वायर फिटको भवनमा बङ्करसहितको क्यान्सर अस्पताल निर्माण गरिएको छ। इन्स्टिच्यूटमा रेडिएसन सञ्चालनका लागि अन्तिम तयारीमा रहनु भएका रेडिएसन अङ्कोलोजिष्ट डा सुवास ठाकुरले रेडिएसन उपकरणभित्र ६डि काउज र हाइपर आर्च रहेको जनाउँदै यसले टाउकोभित्रको टयुमरलाई शल्यक्रिया बिना नष्ट गर्ने बताउनुभयो। यो रेडियो सर्जरी रेडिएसन प्रविधिबाट नेपालमा पहिलो पटक उपचार गर्न लागिएको उहाँले जानकारी दिनुभयो ।

त्यसैगरी ब्रेकी थेरापीमार्फत शरीरभित्र उपकरण राखेर रेडियो एक्टिभ सोर्स प्रयोग गरेर क्यान्सर कोष मार्ने प्रविधि पनि यहाँ ल्याइँदै छ। पाठेघरको क्यान्सरमा यो प्रविधिको उपचार बढी हुने गर्दछ। एसबिआरटी प्रविधिमार्फत उपचार भइरहेको बिरामीको टयुमर प्रत्यक्ष हेरेर आवश्यक थप मात्रा प्रयोग गरी उपचार गर्न सकिने उहाँ बताउनुहुन्छ। उहाँले भन्नुभयो, “मैले भारतका ठूला अस्पतालमा पनि काम गरेँ। त्यहाँको भन्दा अरु आधुनिक प्रविधि यहाँ ल्याइएको छ।”

इन्स्टिच्युटले क्यान्सर उपचारका क्रममा विकिरण बाहिर आएर नागरिक र कर्मचारीलाई असर नगरोस् भन्नका लागि निर्माणको समयदेखि नै भारतीय विज्ञको निगरानीमा काम भइरहेको छ। सुरक्षा अधिकृत सलोनी चावलाले बाहिरी वातावरणमा रेडिएसन नजानका लागि निर्माणको समयदेखि नै निगरानी गरिएको बताउनुभयो। उहाँको अनुसार अन्तर्राष्ट्रिय मापदण्डअनुसार बङ्कर निर्माण गरिएको छ। यससँगै सफल परीक्षणसमेत गरिएको जनाउँदै उहाँले विकिरण काममा खटिनेमा के कस्तो रहेको छ भन्ने विषयमा नियमित परीक्षण भइरहेको जानकारी दिनुभयो।

भारतसहितका विभिन्न देशका विज्ञहरूसँग परामर्श र त्यहाँका जनशक्ति झिकाएर इन्स्टिच्युटको निर्माणदेखि नै काम गरिएको हो।१४ वर्षअघि स्थापना भएको चितवन मेडिकल कलेजमा हाल वार्षिक तीन लाख ५० हजारभन्दा बढी बिरामीलाई सेवा दिँदै आएको छ। नेपालभरि र भारतीय बिरामी पनि यहाँ उपचार गर्न आउने गर्दछन्।

यस अस्पतालमा २८ विभागमार्फत सेवा दिइँदै आएको छ। क्यान्सरका बिरामीलाई अन्य विभागको सेवासमेत आवश्यक पर्ने भएकाले उपचार सहज हुने अस्पतालको ठम्याइ छ। नेपालमा भरतपुरको वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुर क्यान्सर अस्पताल, पूर्वाञ्चल क्यान्सर अस्पताल र काठमाडौँ क्यान्सर सेन्टरमा मात्रै क्यान्सरको उपचार हुने चिकित्सक बताउँछन्। यहाँ सेवा लिन कठिन भएका बिरामीका लागि यो इन्स्टिच्युट सहयोगी हुने विश्वास लिइएको छ। सरकारले क्यान्सरका बिरामीलाई उपचारमा रु एक लाखसम्म सहयोग गर्दै आएको छ। विदेश जाने जाने बिरामीले यो सुविधा पाउँदैनन्।

### रामराजा प्रसाद सिंह ...

प्रतिष्ठानका निर्देशक डा.रंजित झाले जानकारी गराएका छन्।

निर्देशक डा. झाले डीपीआरको कामलाई दुई चरणमा विभाजन गरिएको बताउँदै पहिलो चरणमा चार महिना भित्र नक्शा र डिजाईनको काम सम्पन्न हुने जनाए। यी चरण पार गरे लगतै संरचना निर्माणको काम शूरु हुने र तीन वर्ष भित्र निर्माण कार्य सम्पन्न गरिसक्ने लक्ष्य रहेको निर्देशक डा झाको भनाई छ।

नेपाल सरकारले यस अघि नै प्रतिष्ठान निर्माणको प्रारम्भीक कार्यका लागी राजविराजमा कार्यालय स्थापना गरी ४० करोड रुपैया बजेट विनीयोजन गरेकोमा १० करोड रुपैया प्रतिष्ठानको खातामा जम्मा भएको डा. पोखरेलले बताउँदै हालसम्म घेरबार, वातावरणीय प्रभाव मुल्याँकन, माटो परिक्षण, कार्यालय व्यवस्थापन लगायतका काममा २ करोड १५ लाख खर्च भईसकेको पत्रकार सम्मेलनमा जानकारी गराए।




प्रतिष्ठानको निर्माण कार्य सम्पन्न गर्न करिब १२ अर्ब रुपैया खर्च हुने अनुमान गरिएको कार्यकारी अध्यक्ष डा. पोखरेलले जानकारी दिए।

प्रतिष्ठान स्थापनाका लागी तत्कालिन उपप्रधान एवं स्वास्थ्य तथा जनसंख्या मन्त्री उपेन्द्र यादव, राष्ट्रिय सभाका सदस्य सुमनराज प्याकुरेल, संविधानसभा सदस्य रञ्जु झा, गजेन्द्र नारायण सिह अस्पतालका तत्कलिन मेडिकल सुपरिटेन्डेन्ट समेत रहेका डा. रञ्जीत झा लगायतले सक्रियता देखाएपछि २०७४ भदौ १ गते तत्कालिन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश २ को प्रदेशसभालाई सम्बोधन गर्दै राजविराजमा गणतन्त्रवादी नेता स्व.रामराजा प्रसाद सिहको नाममा स्वास्थ्य विज्ञान प्रतिष्ठान र मेडिकल कलेज स्थापना गर्ने घोषणा गरेका थिए।

त्यसपछि मन्त्रीपरिषदको २०७५ पुष २३ गतेको बैठकले प्रधानमन्त्रि ओलीको घोषणालाई मुर्तरुप दिदै राजविराजमा गणतन्त्रवादी नेता सिहको नाममा प्रतिष्ठान स्थापना गर्ने निर्णय गरेको थियो। मन्त्रीपरिषदले निर्णय गरेपछि २०७८ असाढ २२ गते तत्कालिन प्रधानमन्त्रि ओलीले भर्चूअल माध्यमबाट प्रतिष्ठानका लागी भवन निर्माणको शिलान्यास गरेका थिए।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# पेट्रोलियम पदार्थको मूल्य तत्काल समायोजन गर्न माग

काठमाडौं, २३ साउन (रासस)।

सांसदहरुले अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य घटिसकेको सन्दर्भमा नेपालमा पेट्रोलियम पदार्थको मूल्य समायोजन गरी तत्काल घटाउन सरकारको ध्यानाकर्षण गराएका छन्। राष्ट्रियसभाको सोमबारको बैठकको विशेष समयमा बोल्ने सांसदहरुले भारतबाट पनि पेट्रोलियम पदार्थको मूल्य दुई पटक घटेर आइसकेको तर नेपालमा मूल्य समायोजन नभएको भन्दै तत्काल मूल्य घटाउन सरकारको ध्यानार्षण गराएका हुन्।

बैठकमा सांसद दिलकुमारी रावल थापाले वर्तमान सरकारले जनताका समस्याप्रति कम चासो दिएको आरोप लगाउदै मूल्यवृद्धि नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। अन्तर्राष्ट्रियस्तरमा पेट्रोलियम पदार्थको मूल्य बढ्दा र घट्दा सोही अनुसार समायोजन हुनुपर्नेमा हाल दुई/दुई पटक मूल्य घटेको तर नेपाल आयल निगमले किन मूल्य नघटाएको भनी प्रश्न गर्नुभयो।

सांसद दिपा गुरुङले राज्यले युवालाई सही दिशा दिननसके युवावर्ग विकृतिको शिकार हुनसक्ने बताउँदै खेलकुद मन्त्रालयको बजेट कम भएको टिप्पणी गर्नुभयो। खेलकुद विकास र समृद्धिको परिचायक भएको बताउँदै उहाँले सरकारले खेलाडीलाई सम्मान गर्ने गरी हौसला बढाउने कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

सांसद खिमलाल देवकोटाले सुशासनका लागि पारदर्शिता आवश्यक रहेकामा जोड दिँदै सबै मन्त्रीका काम जनताले हेर्न पाउने गरी सिसीटिभीको व्यवस्था गर्नुपर्ने बताउनुभयो। साथै उहाँले समयमै काम सम्पन्न नगर्ने ठेकदारलाई कानूनअनुसार कारवाही गर्नुपर्ने धारणा राख्नुभयो। सांसद गङ्गाकुमारी बेलवासेले संवैधानिक परिषद्मा पूर्ववर्ती सरकारले अध्यादेशमार्फत् आफू खुसी नियुक्ती गरेको स्मरण गर्दै यसमा आगामी दिनमा संशोधन गरी राष्ट्रिय सभाका उपाध्यक्षसमेत रहने व्यवस्था गर्नुपर्ने बताउनुभयो।

सांसद गोमादेवी तिमिल्सिनाले देशको राजधानीमै फोहरको समस्या बढेको, ढल फुटेर दुर्गन्ध बढेको, बाटोका खाल्डामा पानी भरिएर हिँड्न गारो भएको बताउँदै तत्काल समाधानका लागि सरकारको ध्यानाकर्षण गाराउनुभयो। केही राजनीतिक दलका क्रियाकलापका कारण राजनीतिक दलको विकल्पको आवाज उठ्न थालेकामा चिन्ता व्यक्त गर्दै हालका उपलब्धि यिनै दलका कारण आएको हो भन्ने कुरा पनि बिर्सन नहुने बताउनुभयो। सांसद भुवनबहादुर सुनारले नागरिकता दिने क्रममा विभिन्न स्थानमा केही व्यक्तिका नाम अपमान हुने गरी उल्लेख भएको सन्दर्भमा ध्यानाकर्षण गराउँदै यस्ता लापरबाही गर्ने व्यक्तिलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो।

सांसद सुमित्रा विसीले महँगी बढेर जनतालाई थप दुःख भएको उल्लेख गर्दै सरकारले अनुगमनमा कडाई गरी नियन्त्रण गर्नुपर्ने बताउनुभयो।

साथै उहाँले मुगु जाने सहुलियतको नून बाटोमा हराएको सम्बन्धमा सरकारसँग स्पष्ट जानकारी माग गर्नुभयो। सांसद बिना पोखरेलले संविधानमा समाजवाद उन्मुख भनेका छौं तर कसरी जाने भनेर केही नदेखेको बताउँदै देशमा ज्येष्ठ नागरिकको अवस्था दयनीय भएकाले सरकारको ध्यान जाओस भन्नुभयो।

उहाँले ज्येष्ठ नागरिकलाई जीवन धान्न केही सामाजिक सुरक्षा भत्ता दिएर मात्र खुसी नभएको भन्दै उनीहरुको जीवन खुसी तथा सन्तुष्टि र सम्मानका लागि नयाँ उपायको खोजी गर्नुपर्ने बताउनुभयो। सांसद नरबहादुर विष्टले अहिले लघुवित्त कम्पनीले गाउँमा चर्को ब्याज लिने गरेको ध्यानाकर्षण गराउँदै नियन्त्रणका लागि आवश्यक पहल गर्न माग गर्नुभयो। पूर्ववर्ती सरकारका पालामा बढेको दण्डहिनताका कारण अहिले पनि त्यस्ता घट्ना देखिने गरेको टिप्पणी गर्दै यसलाई नियन्त्रण गर्न तथा नदोहोऱ्याउन सरकारले आवश्यक पहल गर्नुपर्ने उहाँले बताउनुभयो।

सांसद तुलसाकुमारी दाहालले सामान्य महिलाको तुलनामा अपाङ्गता भएका महिला बढी हिंसामा पर्ने गरेको बताउँदै कानुनले व्यवस्था गरेका शिक्षा, सामाजिक न्याय, सुरक्षा, राज्यका निकायमा सहभागिता, सेवामा पँहुचलगायत विषयमा गरेका व्यवस्था भएका कानुन कार्यान्वयन गरी अपाङ्गता भएका व्यक्तिलाई सेवामा प्राथमिकता दिनुपर्ने बताउनुभयो। सांसद रमेशजङ्ग रायमाझीले सरकारले आगामी मङ्सिर ४ गते आमनिर्वाचन घोषणा गरेकामा स्वागत गर्नुभयो।

उहाँले वर्तमान सरकारले संसद्लाई जीवित राखेर आमनिर्वाचनमा जान गरेको निर्णय उत्तम भएको र यो प्रसंशायोग्य भएको उहाँले बताउनुभयो।

## एउटै शक्तिशाली आयोग बनाउनुपर्छ : सांसद

काठमाडौं, २३ साउन (रासस)।

सांसदहरुले संवैधानिक आयोगका काम कारवाहीलाई थप प्रभावकारी बनाउन एउटै शक्तिशाली आयोग बनाउनुपर्ने आवश्यकता औंल्याउनुभएको छ। प्रतिनिधिसभा, महिला तथा सामाजिक समितिको सोमबारको बैठकमा भएको 'राष्ट्रिय समावेशी आयोगको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन र आगामी आवको स्वीकृत कायर्त्रम कार्यान्वयन रणनीति' सम्बन्धमा भएको छलफलमा सांसदहरुले प्रत्येक जातजाति, भूगोल वा क्षेत्रको आधारमा छुट्टाछुट्टै आयोग बनाउनुको सट्टा सबैको प्रतिनिधित्व हुनेगरी एउटै शक्तिशाली आयोग बनाउनुपर्नेमा जोड दिनुभएको हो।

सांसद नन्दलाल रोका क्षेत्रीले सरकारले आयोग गठन गर्ने तर पर्याप्त बजेट नदिने र सहयोग नगर्ने सन्दर्भ उल्लेख गर्दै सबै जातजातिको प्रतिनिधित्व हुनेगरी एउटा मात्रै आयोग बनाउनुपर्ने तर्क गर्नुभयो।

सांसद कुमारी मेचेले सबै आयोगलाई एकै ठाउँमा गाभेर शक्तिशाली आयोग बनाउनुपर्नेमा जोड दिनुभयो। सांसद शिवकुमार मण्डलले "सातै वटा संवैधानिक आयोगबीच समन्वय र छलफल हुनुपर्छ र कामको प्रकृतिको आधारमा नेपालमा रहेका सबै जातजातिको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्थाको बारेमा अध्ययन गर्नुपर्छ" भन्नुभयो।

सांसद लक्ष्मी परियारले राष्ट्रिय समावेशी आयोग नै समावेशी नभएको टिप्पणी गर्नुभयो। सांसद नारायणप्रसाद खतिवडाले आयोगबाट बजेट कमी भएको गुनासो आइरहेको सन्दर्भ उल्लेख गर्दै एउटै शक्तिशाली आयोगको आवश्यकता औंल्याउनुभयो। समावेशी आयोगका अध्यक्ष डा रामकृष्ण तिमल्सेनाले आयोगले लक्षित वर्ग खस आर्य, पिछडा वर्ग, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, श्रमिक र किसानलगायत ११ वटा क्षेत्रको अध्ययन गरी नीतिगत सिफारिसलाई प्रतिवेदनमा उल्लेख गरिएको जानकारी दिनुभयो।

## अपमानजनक शब्द प्रयोग गरी जारी नागरिकता सच्याउन गृहको निर्देशन

काठमाडौं, २३ साउन (रासस)।

गृहमन्त्रालयले अपमानजनक शब्द प्रयोग गरी नागरिकतामा व्यक्तिका नाममा र थर जनिने गरी नागरिकता प्रमाणपत्र जारी नगर्न निर्देशन दिएको छ।

मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले सोमबार विज्ञप्ति गर्दै विभिन्न जिल्लाबाट जारी भएका नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्दा अपमानजनक शब्द राखी जारी भएको सम्बन्धमा प्रकाशित समाचार, सूचना र जानकारीप्रति मन्त्रालयको ध्यानाकर्षण भएको जनाउँदै अपमानजनक शब्द प्रयोग गरी जारी भएका नागरिकता प्रमाणपत्रमा सम्बन्धित व्यक्तिले सच्याउन माग गरेमा आवश्यक प्रक्रिया पूरा गरी सच्याउन व्यवस्था मिलाउन निर्देशन दिनुभएको छ।


## क्रिकेटको मुख्य प्रशिक्षकमा भारतीय प्रशिक्षक प्रभाकर नियुक्त


काठमाडौं, २३ साउन (रासस)।

नेपाल क्रिकेट संघ(क्यान) ले नेपाली राष्ट्रिय क्रिकेट टोलीको मुख्य प्रशिक्षकमा भारतका प्रशिक्षक मनोज प्रभाकरलाई एक वर्षका लागि नियुक्त गरेको छ।

पूर्वभारतीय अलराउण्डरका साथै रणजी ट्रफी विजेताका प्रशिक्षकसमेत रहनुभएका प्रभाकरलाई सोमबार मुख्य प्रशिक्षक नियुक्त गरिएको क्यानले जनाएको छ।

क्यानका अनुसार प्रभाकरले भारतका लागि ३९ टेस्ट र १३० एकदिवसीय अन्तर्राष्ट्रिय प्रतियोगिता खल्नुभएको छ। उहाँले अफगानिस्तानको बलिङ प्रशिक्षकका रूपमा समेत काम गर्नुभएको थियो।


डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413

कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


## विश्व समाचार

### इजरायल र विद्रोही लडाकू समूहबीच युद्धविराम गर्ने सहमति

जेरुसेलम, २३ साउन (रासस/सिन्ह्वा)।

इजरायल र विद्रोही लडाकू समूहका बीचमा युद्ध विराम गर्ने सहमति भएको छ। सोमबार मध्यरातदेखि लागू हुनेगरी युद्धविरामको सहमति भएको इजरायलका प्रधानमन्त्री याइर लापिडले पुष्टि गर्नुभएको छ। लामो समयदेखि उनीहरुका बीचमा युद्ध चलिरहेको भए पनि पछिल्लो तीन दिन लगातार भीडन्त भएको थियो। भीडन्तमा परी कम्तीमा ४३ जनाको मृत्यु भएको थियो। ठूलो क्षति र सर्वत्रको दवावपछि युद्ध विराम गर्न दुवै पक्ष सहमत भएका हुन्। इजिप्टका मध्यस्थकर्ताहरूको सहयोगमा युद्धविराम भएको खवर थाहा पाएपछि स्थानीय बासिन्दाले खुसीयाली मनाएका छन्।

इजरायलबाट भइरहेको आक्रमण रोक्न इजिप्टले पहल गरेर युद्ध विरामको वातावरण बनाएकोमा इस्लामिक जिहादका प्रवक्ताले खुशी व्यक्त गरेका छन्। इजरायलले गत सोमवार राति इस्लामिक जिहादका प्रमुख भनिएका बसिम सादीलाई पक्राउ गरेपछि तनाव बढेको थियो। इरानले समर्थन गरेको इस्लामिक जिहाद समूह गाजामा सक्रिय सबैभन्दा बलियो विद्रोही समूह मानिन्छ।

### मालीमा भएको आतङ्ककारी हमलामा सैनिक र सर्वसाधारण मारिए

बामाको, २३ साउन (रासस/सिन्ह्वा)।

मालीमा आइतबार भएको एक आतङ्ककारी हमलामा परेर चार जना सैनिकको ज्यान गएको छ। यहाँका चार जना सैनिक मारिएका मालीको सैनिक सङ्गठनद्धारा आइतबार प्रकाशन गरिएको विज्ञप्तिमा जनाएको हो। साथै सो हमलामा परेर अरु दुई जना सर्वसाधारण पनि मारिएका छन्। सैनिकहरुको गस्तीमा मालीमा रहेको एक आतङ्ककारी समूहले बम हमला गरेको थियो। सो हमलापछि गस्तीमा रहेको मालीको सेनाले पनि आक्रमण गरेको थियो। उक्त आक्रमणमा पाँच जना सो समूहका सदस्य पनि मारिएका छन्।

मालीको सैनिकले प्रकाशन गरेको विज्ञप्तिमा सो समूहले मालीको सैनिक गस्तीमा हमला गरेको र त्यसपछि मालीको सैनिकले पनि जवाफी फायर गरेको तथा त्यसमा परी आतङ्ककारी समूहका पाँच जना सदस्य मारिएको बताइएको छ।

### भारतमा एक दिनमा १६ हजार भन्दा बढी संक्रमित

नयाँदिल्ली, २३ साउन (रासस/सिन्ह्वा)।

भारतमा कोरोना भाइरसबाट एक दिनमा थप १६ हजार भन्दा बढी सङ्क्रमित भएका छन्। सरकारी अधिकारीले सोमबार दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा १६ हजार १६७ नयाँ सङ्क्रमित भएका हुन्। यसैसँगै भारतमा हाल कुल सङ्क्रमितको सङ्ख्या चार करोड ४१ लाख ६१ हजार ८९९ सङ्घीय स्वास्थ्य मन्त्रालयले सोमबार सार्वजनिक गरेको छ। भारतमा दैनिक सङ्क्रमितको सङ्ख्यामा उतारचढाव भइरहेको छ। भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरुको सङ्ख्या एक लाख ३६ हजार ५१० रहेको छ।

यहाँ कोरोना सङ्क्रमणबाट बितेको २४ घण्टामा ४१ जनाको मृत्यु भएको छ। यसैसँगै कोरोना सुरु भएवाट हालसम्म पाँच लाख २६ हजार ७३० व्यक्तिको मृत्यु भइसकेको छ। भारतमा हिजो एक दिनमा १५ हजार ५४९ जना कोरोना मुक्त भएका छन्। यसैसँगै कूल चार करोड ३४ लाख ९ हजार छ सय ५९ जना कोरोनामुक्त भएका छन्।

एउटै अवधिमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या धेरै रहेकाले सक्रिय सङ्क्रमित घटेका छन्। भारतमा सन् २०२१ को जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो। सो समयबाट हालसम्म २ अर्ब ६ करोड ५६ लाख ५४ हजार ७४१ मात्रा खोप लगाइएको छ। भारतमा कोरोना सुरु भएवाट हालसमम ८७ करोड ८० लाख भन्दा बढी व्यक्तिको कोरोना भाइरस परीक्षण भएको जनाइएको छ।

### भीडन्तका क्रममा इजरायलमा ५१ को मृत्यु भएको दाबी

टेल अभिभ, २३ साउन (रासस/एएनआई)।

इजरायली सुरक्षाकर्मी र गाजा क्षेत्रका विद्रोही समूहका बीचमा भएको भिडन्तका क्रममा कम्तीमा ५१ मृत्यु भएको दाबी गरिएको छ। पछिल्लो तीन दिनमा भएको भीडन्तमा परी ४३ जनाको मृत्यु भएको बताइएकोमा इजरायली सुरक्षा फौजले नै ५१ जनाको मृत्यु भएको पुष्टि गरेको हो। कुल मृतक मध्ये २४ जना विद्रोही पक्षका लडाकू रहेका छन भने २७ जना गाजा क्षेत्रमा स्थानीय बासिन्दा रहेका छन्। सरकारी पक्षले भिडन्तका क्रममा मृत्यु भएका ११ जना युद्धमा कुनै पनि पक्षबाट संलग्न नभएको जनाएको छ। घटनामा परी केही बालबालिकाको समेत मृत्यु भएको पाइएको छ।

"धेरै प्यालेस्टाइनीहरुको मृत्यु इस्लामिक जिहाद समूहका कारणले भएको छ, यसबाट हामीले सिक्न सक्नु पर्दछ," एक सुरक्षा अधिकारीले भने। गाजा क्षेत्रमा इस्लामिक जिहाद समूहले लामो समयदेखि विद्रोही गर्दै आएको छ। उनीहरुको विद्रोहीको कारण बेला बेलामा दुई पक्षका बीचमा भिडन्त हुने गरेको छ।

पछिल्लो दिन दिनमा भएको भिडन्तलाई अति क्षतिपूर्ण घटनाको रुपमा लिइएको छ। दुवै पक्षले यसलाई नराम्रो घटनाका रुपमा महसुस गरेकाले अहिले दुवै पक्षले युद्धविराम घोषणा गरेका छन्। सोमबार मध्यरातदेखि लागू हुनेगरी युद्ध विरामको सहमति भएको इजरायलका प्रधानमन्त्री याइर लापिडले पुष्टि गर्नु भएको छ। इजिप्टका मध्यस्थकर्ताहरूको सहयोगमा युद्धविराम भएको खवर थाहा पाएपछि स्थानीय बासिन्दाले खुशीयाली मनाएका छन्।

# खडक नगरपालिकामा १५ शैय्याको आधारभुत अस्पताल निर्माण हुँदै



**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**
सप्तरी खडक नगरपालिकामा १५ शैय्याको आधारभूत अस्पताल निर्माणको लागि सोमवार भुमिपुजन गरि अस्पतालको शिलान्यास गरिएको छ ।

खडक नगरपालिकाको वडा नं. ८ भदियामा उक्त अस्पताल निर्माण हुने भएको हो । खडक नगरपालिका र प्रतिष्ठा कन्स्ट्रक्सन प्रा.लि. काठमाडौ बीच २०७९ असार १५ मा सम्झौता भएको थियो । उक्त कन्स्ट्रक्सनले २१ करोड २९ लाख ४ हजार १ सय ९ रुपैया १ पैसामा निर्माण कार्यका लागि सम्झौता गरेको छ ।

अस्पताल शिलान्यासपछि खडक नगरपालिका मेयर जयप्रकाश चौधरीले नगरपालिका जनतामा स्वास्थ्य उपचारमा सहजाता हुने दावी गर्दै जनताको स्वस्थ बनाउन सकेमात्र स्वस्थ समाजको कल्पना सार्थक हुने बताए ।

सो अवसरमा उपमेयर रिता कुमारी चौधरी, प्रमुख प्रशाकिय अधिकृत कुन्दन कर्ण, वडा नं. ५ अध्यक्ष बिजय साह, पूर्व मेयर हेमायु हक लगायत स्थानीय राजनीतिक दल तथा स्थानियहरुको सहभागीता रहेको थियो ।

# भुजिया तथा आलु चिप्स बनाउने तालिम सुरु




**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**
सप्तरीको बिष्णुपुर गाउँपालिका वडा नं. ३ स्थित दिनाभद्री महिला समुहमा ९ दिने व्यवसायिक भुजिया तथा आलु चिप्स बनाउने तालिमको सोमबार उद्घाटन गरिएको छ ।

विष्णुपुर गाउँपालिका वडा नं. ३ का अध्यक्ष राजेन्द्र सदाले युरोपियन युनियनको आर्थिक सहयोग, वेल्टहङ्गर्हिल्फेको प्राविधिक सहयोग एवं आसमान नेपालको अगुवाईमा दलित सरोकार मञ्चको आयोजनामा ९ दिने तालिमको उद्घाटन गरे ।

सो उद्घाटन समारोहमा पीडित उत्थान युवा क्लव बिष्णपुरका अध्यक्ष जयदेव राम, सुशासन सहकर्ता पुनम देवी सरदार, परिवर्तन अभिकर्ताद्धय रञ्जु यादव, रामनाथ राम, दलित सरोकार मञ्चका जिल्ला संयोजक राजकुमार पासवान र प्रशिक्षक मनोज यादवसमेतले शुभकामना मन्तव्य दिएका थिए ।

# मोटरसाइकल दुर्घटनामा एकको मृत्यु

**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**
राजविराज रुपनी सडक खण्डमा आइतबार राती दुई मोटरसाइकल एक आपसमा ठोकिदा एक जनाको मृत्यु भएको छ ।

सो सडक खण्डको रुपनी गाउँपालिका वडा नं. २ पिप्राही चौकमा रुपनीबाट राजबिराजतर्फ आउँदै गरेको बा.८५प. ६१९६ नम्बरको मोटरसाइकल र बिपरीत दिशाबाट जाँदै गरेको स.२प. ८१६७ नम्बरको मोटरसाइकल एक आपसमा ठोकिदा स.२प. ८१६७ नम्बरको मोटरसाइकल चालक जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं. ३ बस्ने २५ वर्षिय बिकी चौधरीको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भिर घाईते भएका चौधरीलाई उपचारका लागी गजेन्द्रनारायण सिंह अस्पताल राजबिराज ल्याएपछि इसिजि गर्दा चिकित्सकले मृत घोषित गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीले दुर्घटनामा परेको दुबै मोटरसाइकल तथा बा.८५प. ६१९६ न. को मोटरसाइकल चालकलाई समेत नियन्त्रणमा लिई थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# नौ सय ३४ संक्रमित थपिँदा चार सय ७० घर फर्किए

काठमाडौँ, २३ साउन (रासस) ।
कोरोना भाइरसको संक्रमण सोमबार ९ सय ३४ जनामा देखिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जारी गरेको नियमित बुलेटिनमा पाँच हजार तीनसय ५१ परीक्षणमध्ये नौसय ३४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको हो । सक्रिय संक्रमितको संख्या पाँच हजार ६ सय ८६ पुगेको छ ।

यस्तै सोमबार कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई चारसय ७० जना घर फर्किएका छन् । अहिलेसम्म नौ लाख ७२ हजार नौ सय ६७ जनामा मानिस स्वास्थ्य लाभ लिई घर फर्किसकेका छन् ।

यस्तै सोमबार कोरोना भाइरसको संक्रमणबाट एक जनाको निधन भएको छ । अहिलेसम्म ११ हजार नौसय ७२ जनाको संक्रमणबाट निधन भएको छ । पाँच सयभन्दा बढी संक्रमित भएका जिल्ला काठमाडौँ र ललितपुर तथा दुईसयभन्दा बढी संक्रमित भएका जिल्ला मोरङ र कास्की रहेका छन् ।

संक्रमित शून्य भएका जिल्ला मुस्ताङ, कालीकोट र हुम्ला रहेका छन् । यस्तै होम आइसोलेशनमा पाँच हजार पाँचसय नौ जना, संस्थागत आइसोलेशनमा एकसय ७७ जना, सघन उपचार कक्ष ( आइसियु)मा ४७ जना र भेन्टिलेटरमा तीन जनाको उपचार भइरहेको छ । विगत २४ घण्टामा ३२ हजार पाँच सय ३४ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएका छन् ।


जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



गर्मी एवं बर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफ्लाइटिस जस्ता संक्रामक रोग लामखुट्टेको टोकाईबाट हुने गर्दछ।

यसबाट बच्न,
- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अंगमा लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घर वरिपरि, बगैचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डि पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरुमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुंगुर, बंगुर, हाँस घोडाजस्ता पशुपन्छीहरु व्यवस्थित ढंगले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com,* **वेवसाइट :** *rajbirajdainik.com.np*